"Let All The Private And Boarding Schools Be United"

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल

PRIVATE & BOARDING SCHOOLS' ORGANIZATION NEPAL

(PABSON)

Regd. No. 203/2047/2048

# केन्द्रीय सचिवालयद्वारा जारी

# प्रेस विज्ञप्ती

काठमाडौं जिल्लाको क्षेत्रपाटीमा सञ्चालित श्री सरस्वती बोर्डिङ उच्च माध्यमिक विद्यालयमा कक्षा यु.के.जी.मा अध्ययनरत विद्यार्थी विशाल चौधरी २०७४ श्रावण १२ गते, अपरान्ह ४:०० बजे विद्यालयबाट घर जाने क्रममा हराइरहेको र हालसम्म पनि निजको अवस्था अज्ञात रहेको खवरले प्याब्सन केन्द्रीय सचिवालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

विद्यालयबाट घर जाने क्रममा अकस्मात घटेको यस घटनाले निज विद्यार्थीको अभिभावक, आफन्तजन र विद्यालय परिवारमा उत्पन्न भएको मानसिक पिडा एवं चिन्ताप्रति संवेदनशिल भइ निज विद्यार्थीको तिव्र खोजतलास कार्य अगाडि बढाउन नेपाल सरकार तथा मातहतका सुरक्षा निकायसमक्ष जोडदार माग गर्दछौ ।

साथै, आफ्ना अभिष्ट पुरा गर्न विद्यालय, बालबालिका तथा विद्यार्थीहरुलाई निशाना बनाउने जो कोही अपराधिक व्यक्ति वा समुह पत्ता लगाई कडा भन्दा कडा कारवाही गर्न र भरपर्दो शान्ति सुरक्षाको व्यवस्था गर्न  समेत नेपाल सरकारको गंभिर ध्यानाकर्षण गराउँछौं ।

(राजेन्द्र बानियाँ)

**महासचिव**

मिति २०७४ श्रावण १५ गते, आइतवार